"कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

# चिङ्गाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अवलचिङ्ग, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

पत्र सं २०८३/०८४
च.नं.

www.chingadmun.gov.np
chingadgaunpalika@gmail.com

## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्य गर्ने बारे सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०८३/०५/०९)

चिङ्गाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अवलचिङ्ग, सुर्खेत अन्तर्गत चिङ्गाड गाउँपालिका वडा नं. २, ३, ४ र ५ भएर बग्ने चिङ्गाड खोला र सहायक खोलाहरू (घुवानी खोला, जोगडा खोला, पुङ्ग खोला) को विभिन्न बगर क्षेत्रमा ढुङ्गा, गिट्टी तथा बालुवा लगायतका निर्माण सामाग्री उपलब्ध रहेको हुँदा प्रस्तावकले यी सामाग्रीको दिगो एवं वातावरणमैत्री रूपमा संकलन/उत्खनन कार्य गर्न प्रस्ताव गरिएको छ। उक्त प्रस्ताव कार्यान्वयन गर्नुपूर्व वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ तथा चिङ्गाड गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७९ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

प्रस्तावकको नाम र ठेगाना - चिङ्गाड गाउँपालिका, अवलचिङ, सुर्खेत।

प्रस्तावकको व्यहोरा र प्रभाव पर्न सक्ने जिल्ला/गाउँपालिका तथा वडाहरु ।

| सि.न. | प्रस्तावको व्यहोरा | प्रभाव पर्न सक्ने जिल्ला /गाउँपालिका तथा वडाहरु |
|---|---|---|
| १ | चिङ्गाड गाउँपालिका वडा नं. २, ३, ४ र ५ भएर बग्ने चिङ्गाड खोला र सहायक खोलाहरू (घुवानी खोला, जोगडा खोला, पुङ्ग खोला) को विभिन्न बगर क्षेत्रमा ढुङ्गा, गिट्टी तथा बालुवा लगायतका निर्माण सामाग्री उपलब्ध रहेको हुँदा प्रस्तावकले यी सामाग्रीको दिगो एवं वातावरणमैत्री रूपमा संकलन/उत्खनन् तथा बिक्री वितरण गर्न। | सुर्खेत/ चिङ्गाड गाउँपालिका वडा नं २, ३, ४ र ५ |

माथि उल्लेखित क्षेत्रहरूमा सामाजिक, भौतिक, आर्थिक, सौस्कृतिक, रासायनिक तथा जैविक वातावरणमा आयोजना कार्यान्वयन कार्यबाट पर्न सक्ने असरको अध्ययन गर्नका लागि आयोजनाको क्षेत्रभित्र पर्ने गाउँपालिका/विद्यालय/अस्पताल/स्वास्थ्य चौकी तथा अन्य सरोकारवाल व्यक्ति, संघसस्थाबाट लिखित राय सूझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| चिङ्गाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय<br>अवलचिङ्ग सुर्खेत<br>टेलिफोन नं. ९७४३३८४४६७<br>ईमेल chingadgaunpalika@gmail.com | मुभ इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च प्रा.लि.<br>वीरेन्द्रनगर – ०८, सुर्खेत ।<br>टेलिफोन नं. ९८४८११५४०२<br>ईमेल: moveeng1234@gmail.com |

सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत